# राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि,

# २०८०

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८०

**प्रस्तावना:** आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेटमा समावेश भएको राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण प्रक्रियालाई सरल, सहज र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार वितरण कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "पुरस्कार" भन्नाले राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

(ग) "महिला उद्यमी" भन्नाले स्थानीय स्रोत, साधन र सीपको प्रयोग गर्दै आफै उद्योग/व्यवसाय सञ्चालन गरी अन्य व्यक्तिलाई समेत पूर्ण वा आंशिक रोजगारी प्रदान गर्ने महिला सम्झनुपर्छ।

३. **पुरस्कार प्रदान गरिने:** (१) सातै प्रदेशका एक एक जना उद्यमशील महिलालाई निजले उद्यमशीलताको क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै राष्ट्रिय महिला अधिकार दिवसका दिन पुरस्कार र सम्मानपत्र प्रदान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारको राशि एक लाख रूपैयाँ हुनेछ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने सम्मानपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ।

४. **सूचना प्रकाशन गर्ने:** मन्त्रालयले पुरस्कार वितरण गर्ने प्रयोजनको लागि राष्ट्रियस्तरको दैनिक पत्रिकामा पन्ध्र दिनको समय दिई सूचना प्रकाशन गर्नेछ। सो सूचना मन्त्रालयको वेवसाइटमा समेत राख्नुपर्नेछ।

५. **आवेदन पेश गर्ने:** पुरस्कार प्राप्त गर्न चाहने महिला उद्यमीले दफा ४ बमोजिमको सूचनामा उल्लिखित अवधिभित्र अनुसूची-२ बमोजिमको ढाँचामा सोही अनुसूचीमा उल्लिखित कागजात संलग्न गरी मन्त्रालयमा आवेदन पेश गर्नु पर्नेछ।

६. **मापदण्ड:** देहायको मापदण्ड पूरा गरेका नेपाली महिला पुरस्कार प्राप्त गर्नको लागि योग्य मानिनेछन् :-

सुरेन्द्रराज आचार्य
मन्त्री

(क) आफ्नै नामबाट उद्योग दर्ता गरी विगत तीन वर्षदेखि निरन्तर रूपमा उद्योग/व्यवसाय सञ्चालन गरेको,

(ख) स्थानीय स्तरमा रोजगारी सिर्जना गरेको,

(ग) श्रम सम्बन्धी प्रचलित कानूनहरूको पालना गरेको र लैङ्गिक मैत्री वातावरण कायम गराएको,

(घ) उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न सहयोग पुर्‍याएको,

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

७. <u>सिफारिस समिति:</u> (१) दफा ५ बमोजिम प्राप्त आवेदन मूल्याङ्कन गरी पुरस्कारको लागि मन्त्रालय समक्ष सिफारिस गर्न मन्त्रालयमा देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ।

| | | |
|---|---|---|
| (क) | सहसचिव, महिला सशक्तीकरण महाशाखा | -संयोजक |
| (ख) | उपसचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| (ग) | उपसचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ | -सदस्य |
| (ङ) | इकाइ प्रमुख, राष्ट्रपति महिला उत्थान कार्यक्रम समन्वय इकाइ | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले अनुसूची-३ मा उल्लेख भए बमोजिमको आधारमा प्राप्त आवेदनको मूल्याङ्कन गर्नेछ।

(३) सिफारिस समितिले उपदफा (२) बमोजिम आवेदन मूल्याङ्कन गरी सबैभन्दा बढी अङ्क प्राप्त गर्ने सातजना महिला उद्यमी छनौट गरी निर्णयको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम पुरस्कारको लागि महिला उद्यमी छनौट तथा सिफारिस गर्दा निष्पक्ष तथा पारदर्शी रूपमा गर्नुपर्नेछ।

८. <u>जानकारी गराउने:</u> मन्त्रालयले दफा ७ बमोजिम पुरस्कारको लागि छनौट भएका महिला उद्यमीको नामावली जानकारीको लागि मन्त्रालयको वेवसाइटमा राख्नेछ।

९. <u>छनौट प्रक्रियामा समावेश नगरिने:</u> मन्त्रालयबाट पुरस्कार प्राप्त गरिसकेका महिला उद्यमीलाई छनौट प्रक्रियामा समावेश गराइने छैन ।

१०. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएको विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ परेमा मन्त्रालयले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

अनुसूची -१

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

सम्मानपत्रको ढाँचा

नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# सम्मानपत्र

..................

.................. ।

.................... र साधनको प्रयोगबाट तपाईले ..................स्थापना गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्दै आर्थिक विकास र समृद्धिमा पुऱ्याउनु भएको उत्कृष्ट योगदानको सम्मान र उच्च मूल्याङ्कन गर्दै ........ प्रदेशबाट उत्कृष्ट महिला उद्यमीको रूपमा छनौट हुनुभई ..... **राष्ट्रिय महिला अधिकार दिवसको** सुअवसरमा **"राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार, ......."** बाट सम्मानित हुनु भएकोमा पुरस्कार स्वरूप नगद रू. १,००,०००। (अक्षरेपि ..........) सहित यो सम्मानपत्र प्रदान गरिएको छ ।

.......... भएकोमा हार्दिक बधाइ ज्ञापन गर्दै आगामी दिनमा पनि यहाँको सक्रिय योगदानको अपेक्षा र उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| | | |
|---|---|---|
| .................. | .................. | .................. |
| सचिव | सचिव | मन्त्री |
| | मितिः | |

सुरेन्द्रराज आचार्य
मन्त्री

अनुसूची -२
(दफा ५ सँग सम्बन्धित)

**आवेदनको ढाँचा**

फोटो

श्री महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

विषयः पुरस्कार प्रदान गरी पाउँ।

महोदय,

नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको मिति ............ मा प्रकाशित सूचना बमोजिम पुरस्कार प्रदान गरीपाउँ भनी देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु ।

१. नाम थरः (क) नेपालीमा - (ख) अंग्रेजीमा -
२. ठेगानाः (क) अस्थायी ठेगाना- (ख)स्थायी ठेगाना- सम्पर्क नं. इमेल ठेगानाः
३. उद्योग व्यवसायको नामः
४. उद्योग/व्यवसायको विवरणः
५. उद्योगको प्रकृति र कार्यक्षेत्रः
६. भौगोलिक कार्यक्षेत्रः जिल्ला/महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका.........

संलग्न कागजातहरुः

(क) उद्योग संचालकको नागरिकताको प्रतिलिपि,
(ख) उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) पछिल्लो आर्थिक वर्षको करचुक्ता गरेको प्रमाण/रसिद,
(घ) उद्योग नवीकरण गरेको कागजात,
(ङ) उद्योग व्यवसायको गत आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र र लेखापरीक्षणको प्रतिलिपि,
(च) रोजगारी प्रदान गरेको विवरण/संख्या,
(छ) उद्योगमा प्रयोग हुने कच्चा पदार्थको विवरण/संख्या,
(ज) स्थानीय तहको सिफारिस (निरन्तर सञ्चालन भएको)

माथि उल्लिखित व्यहोरा तथा कागजात ठीक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

..........................
निवेदकको नाम र दस्तखत

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -३

दफा ७ को उपदफा (२) सँग सम्बन्धित

**मूल्याङ्कनको आधार**

| सि.नं | मूल्याङ्कनका आधार | अंकभार | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १. | रोजगार प्रदान गरेको संख्या (महिला/पुरूष) | १५ | | |
| | • १० वा १० जना भन्दा बढी व्यक्तिलाई रोजगार प्रदान गरेको<br>• ५-९ जना सम्मलाई रोजगार प्रदान गरेको<br>• १-४ जना सम्मलाई रोजगार प्रदान गरेको | १५<br>१०<br>५ | | |
| २. | रोजगार प्राप्त महिलाको संख्या | १५ | | |
| | • १० वा १० जना भन्दा बढीलाई रोजगार प्रदान गरेको<br>• ५-९ जना सम्मलाई रोजगार प्रदान गरेको<br>• १-४ जना सम्मलाई रोजगार प्रदान गरेको | १५<br>१०<br>५ | | |
| ३. | उद्योग सञ्चालन अवधि (वर्ष अनुसार अङ्क बढाउने) | १० | | |
| | • तीन वर्ष भन्दा बढी भएमा प्रत्येक वर्ष १ अङ्कको दरले बढाउने अधिकतमसम्म)<br>• तीन वर्ष पूरा भए न्यूनतम | १०<br>५ | | |
| ४. | महिलाहरूलाइ उद्यमी बनाउन सहयोगी कार्यक्रम सञ्चालन गरेको | १० | | |
| | • लेवलिङ, प्याकेजिङ, बजारीकरण र सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने सबै कागजात भएमा<br>• सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिम सञ्चालन गरेको प्रमाणित हुने मात्र कागजात भएमा<br>• लेवलिङ, प्याकेजिङ, बजारीकरण गरेको प्रमाणित हुने मात्र कागजात भएमा | १०<br>५<br>५ | | |
| | जम्मा अङ्क | ५० | | |

सुरेन्द्रराज आचार्य
मन्त्री